# मोरङ जिल्लाको आगामी आर्थिक वर्ष ०७३/०७४ को वार्षिक योजना तर्जुमा सम्बन्धी मार्गदर्शन तथा नीतिहरु

।

## क) पूर्वाधार विकास

१ विगतमा संचालन भई अधूरो रहन गएका वा क्रमागत योजनाहरुलाई प्राथमिकताका साथ सम्पन्न गर्नेगरी बजेट विनियोजनमा जोड दिने ।

२ एक गा.वि.स.बाट अर्को गा.वि.स.सम्म जाने वा मूल सडक वा मूख्य बजार क्षेत्र वा केन्द्र सम्म पहूच हूने सडक निर्माण, कल्भेट र अन्य पक्की संरचना निर्माणमा प्राथमिकता दिने ।

३ पूर्वाधार विकास तर्फको सडकमा लगानी गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरी भैरहेका सडकहरुलाई बाह्रै महिना सञ्चालन गर्न सकिने गरी ती सडकको स्तरोन्नति र सडक संरचना, पुल पुलेसा निर्माणमा समेत अनिवार्यरुपमा बजेट छुट्टाई बजेट विनियोजन गर्ने ।

४ जिल्ला यातायात सडक गुरुयोजनाले परिलक्षित गरेका सडक संजाल निर्माण र सुधारमा विशेष प्रांथमिकता दिने ।

५ सडक गुरुयोजना अन्तर्गत जिल्ला स्तरमा छनौट भएका सडकहरुलाई प्राथमिकता दिई गाविस सदरमुकामसम्म जोड्ने सडकहरुलाई बाह्रै महिना यातायात सञ्चालनमा जोड दिने ।

६ जनसहभागितामा आधारित योजनाहरु कार्यान्वयन गर्दा स-साना लगानी आवश्यक पर्ने कल्भेट निर्माण वा मर्मत संभार, सडक ग्राभेल, सामुदायिक भवन, सिँचाई, ग्रामिण विधुतिकरण आदीमा समुदाय वा उपभोक्तासँग साझेदारीमा जोड दिने ।

७ भौतिक पूर्वाधार निर्माणका कामहरुलाई गुणस्तरयुक्त र दिगो बनाउनको लागि जिल्लास्तरमा स्थापना भएको प्राविधिक ल्याब मार्फत गुणस्तर परिक्षण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने ।

८ पूर्वाधार विकास तर्फको इलाकास्तरीय बजेट सिलिङ्ग मार्फतका योजनाहरुको छनौट गर्दा रु. ५ लाख भन्दा कमका योजनाहरु छनौट गर्न पाइने छैन । विगतमा संचालनमा आएका बजेट सिलीङ्ग अर्न्तगतका कार्यक्रम अधूरो रहने गरी नयाँ योजना छनौट नगर्ने ।

९ विना पूर्वाधार कृषि क्षेत्रको दोहन गरी प्लटीङ्ग गरी घडेरी बिक्री वितरण गर्ने र त्यस्ता ठाउँहरुमा सडक ग्राभेल र विजुली वत्तीको माग श्रृजना गराउने परिपाटीलाई निरुत्साही गर्न त्यस्ता योजनाहरुमा बजेट विनियोजन नगर्ने ।

१० गाविसहरुले स्थानीय स्तरका स साना मर्मत संभारका कार्यहरु संचालन गर्न साथै प्राकृतिक प्रकोप व्यवस्थापनको लागी आवश्यक बजेट विनियोजन गरी व्यवस्थापन गर्ने ।

## ख) सामाजिक विकास

१ "हाम्रो भविष्यको पहिचान र आधार बालबालिकाको अधिकार सहितको समग्र विकास"भन्ने मुलनाराका साथ जिल्लालाई बालमैत्री घोषणा गर्न बालश्रम उन्मुलन तथा बालमैत्रीका लागि संरक्षण र बिकासमा सघाउ पुऱ्याउने कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिने ।

२ महिला बालबालिका, आदिवासी/जनजाति, दलित, मधेशी, पिछडावर्ग, अपाङ्गता, यूवा सशक्तिकरण, जेष्ठ नागरिक तथा समाजका अन्य विपन्नवर्गहरुलाई प्रत्यक्ष फाईदा पुग्ने सीपविकास, क्षमताविकास र सशक्तिकरणका कार्यक्रमहरु संचालनमा जोड दिने ।

३ एच.आई.भी. र एड्स नियन्त्रण सम्वन्धी कार्यक्रमहरुलाई ग्रामिण तहसम्म पुऱ्याउन गाविस स्तरमा समेत बजेट विनियोजन गरी कार्यक्रम संचालनमा जोड दिने ।

४ योजना तर्जुमा तथा कार्यान्वयनका हरेक चरणमा लैगिंक मूलप्रवाहीकरण, सामाजिक समावेशीकरण तथा समावेशी सहभागीतालाई सुनिश्चित गराउने ।

५ विगत लामो समय देखि संचालनमा आई रहेको गाउँ विकास कार्यक्रमलाई क्रमश: स्थानीय सहकारी संस्था गठन गरी तिनीहरु मार्फत संचालन गर्ने गरी हस्तान्तरण प्रकियामा जोड दिने ।

६ लक्षित वर्गको योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा अर्थपुर्ण सहभागितामा बृद्धि हुने खालका कार्यक्रममा जोड दिने ।

७ बालमैत्री जिल्ला बनाउने अभियानलाई साकार पार्न त्यस्ता कार्यक्रम तर्जुमा र संचालन गर्न गाविसले सवै सरोकारवालाहरुको सहभागिता प्रक्रियामा जोड दिने ।

८ यूवा स्वरोजगारमुलक कार्यक्रम तर्जुमा र खेलकुद क्षेत्रको विकास गरी युवा सशक्तिकरण र सिप विकासमा जोड दिने ।

## ग) आर्थिक विकास

१ गा.वि.स.मा जाने अनुदानबाट कृषि विकासका लागि समेत आवश्यक रकम छुट्टयाई कृषि क्षेत्रको ब्यवसायिकरणमा सहयोग पुग्ने योजना कार्यान्वयनमा प्राथमिकता दिने ।

२ पर्यटन प्रर्बद्धन गुरुयोजनाले अख्तियार गरेको कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जिल्लाले पहिचान गरेका त्यस्ता महत्वका क्षेत्र भएका गाविसहरुले समेत आवश्यक बजेट विनियोजन गरी ग्रामीण पर्यटन विकासमा जोड दिने ।

३ सिमान्तकृत गरीवीको रेखामुनी रहेका परिवारको आयआर्जन र सिप विकासमा जोड दिई क्षमता विकासमा जोड दिने ।

४ स्थानीयतहमा संचालित समूह वा संस्थाहरुलाई सहकारीकरण गर्न प्रेरित गर्दै वित्तिय ब्यवस्थापनमा सबल गराउन सहयोग पुग्ने योजना छनौटमा जोड दिने ।

५ ग्रामिण क्षेत्रको घरेलु तथा कुटिर उद्योगको उत्पादन र रोजगार बृद्धिमा क्षमता र सीप विकासमा जोड दिने ।

६ साना सिंचाईहरुको प्रर्वद्धन र विकासमा जोड दिई बेमौसमी खेती प्रणालीलाई प्रोत्साहन गर्न आवश्यक सिप, दक्षता सुधारमा जोड दिने ।

७ ग्रामिण युवाहरुलाई रोजगारी सिर्जना, कृषि तथा पशुपालनमा उद्यमशिलता विकासका कार्यक्रमहरु संचालन गरी गरिवी निवारणमा जोड दिने ।

८ जैविक खेती तथा जडिबुटी उत्पादनमा स्थानीय कृषक, समूह वा संस्थाहरुलाई प्रोत्साहन गरिने कार्यक्रमलाई प्राथमिकता दिने ।

९ घरेलु उद्योगलाई प्रोत्साहन गरी स्थानीय रोजगारी सिर्जना गर्न स्थानीय उत्पादनको पहिचान गर्न विशेष जोड दिने ।

## घ) वन वातावरण

१ सन् २०१५ सम्ममा जिल्लालाई खुल्ला दिशामुक्त घोषणा गर्न अभियानका साथ जिल्ला तथा गाविस स्तरमा कार्यक्रमहरु संचालनमा विशेष प्राथमिकता दिने ।

२ जिल्ला भित्रका प्राकृतिक स्रोतहरुको संरक्षणका लागी अध्ययन विश्लेषण गरी विशेष कार्यक्रमहरु तर्जुमा गरी लागु गर्ने ।

३ बायो इन्जिनीयरिङ्ग प्रविधि मार्फत नदि खोलाहरुको किनारमा बृक्षारोपण बढाउन स्थानीय समूह वा समुदायलाई अग्रसर गराउने प्रकृतिका कार्यक्रम छनौटमा जोड दिने ।

४ वातावरण संरक्षणको लागि स्थानीय सामुदायिक वन वा समितिलाई विरुवा उत्पादन र बृक्षारोपणमा जोड दिने ।

५ गाविस क्षेत्रभित्र रहेका सार्वजानिक, अैलानी पर्ती जग्गा, गाविस हाताभित्र, विद्यालय, स्वास्थ्य चौकी, बजार क्षेत्रहरुमा वृक्षारोपणको लागी आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।

६ सन् २०१७ सम्ममा देशभरका सबै घरहरुमा गोबर ग्याँस, सुधारिएको चुलो जस्ता स्वच्छ उर्जाका प्रविधिहरु पुऱ्याई धुँवामुक्त गराउन बैकल्पिक उर्जा विकासका कार्यक्रम तर्जुमा गर्न जोड दिने ।

## ङ) संस्थागत श्रोत र क्षमता

१ स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट बजेट राख्ने कार्यलाई पूर्णत निरुत्साहित गर्ने ।

२ जिल्लाको गरिबी नक्शाकंनले औंल्याएका विपन्न गाविसहरुको विकासमा सहयोग पुग्ने कार्यक्रम छनौट र संचालनमा प्राथमिकता दिने ।

३ गाविसहरुको श्रोत नक्शा, वस्तुस्थिति विश्लेषण लगायत गाउँ विकास योजना, प्रगति प्रतिवेदन, नागरिक वडापत्र आदीको प्रकाशन गरी सर्वसाधारणको पहुँचयोग्य तुल्याउन आवश्यक व्यवस्था मिलाउने ।

४ बार्षिक कार्यक्रम तर्जुमा गर्दा हाल निर्वाचित जनप्रतिनिधि नभएको अवस्थालाई दृष्टिगत गरी वडा नागरिक मञ्चबाट वडा समिति हुँदै सहभागितामूलक योजना प्रकृया बमोजिम ऐन नियमको ढाँचा अनुसार योजना तयार गर्ने ।

५ योजना तर्जुमा प्रक्रियामा समावेश नगरी पहँचका भरमा योजना माग गर्ने साथै जिविस वा गाविसबाट सिफारिस माग प्रक्रियालाई समेत पूर्णत निरुत्साहीत गरिने छ । गाविसबाट योजना माग सम्बन्धि सिफारिस पठाउदा गाविसको वस्तीस्तरबाट माग भएको अभिलेख सूचि खडा गरी सो सूचिको कमसंख्या उल्लेख गरी मौजुदा सूचिको फोटोकपी समेत साथै राखी पठाउने व्यवस्था मिलाउने ।

६ उपभोक्ता समिति मार्फत संचालन हुने योजना र कार्यक्रमहरुलाई पारिदर्शि र जावफदेही गराउन गाविसहरुले समेत योजनाहरुको सार्वजानिक परिक्षण कार्यलाई प्रभावकारी रुपमा लागु गराउने ।

७ गाविसहरुको कामकारवाहीमा आधुनिक सूचना प्रविधिको प्रयोग अनिवार्य गरी विद्युतीय सुशासन प्रबर्द्धन तथा गाविसहरुको सूचना व्यवस्थापनमा आवश्यक बजेट विनियोजन गर्ने साथै गाविसहरुको आफ्नो नाममा रहेको वेभसाईटहरुको नियमित अध्यावधिक गर्ने व्यवस्था यथासिघ्र मिलाउने ।

८ यसै आर्थिक वर्ष देखि गाविसहरुको वार्षिक समिक्षा प्रतिवेदन वेभवेस प्रणाली मार्फत शुरुवात भएकोले सवै गाविसले कार्यान्वयनमा ल्याउने र आगामी आ.व.देखि सो प्रणालीमा रिर्पोटिङ्ग नभएमा निकासा रोकिनेछ ।

९ स्थानीय निकायहरुको कार्य सम्पादन र सेवाप्रवाहलाई प्रभावकारी बनाउन जनशक्ति विकासका कार्यक्रमहरु संचालनमा जोड दिने ।

१० योजनाहरुको दोहोरोपना हटाउन सरोकारवालाहरुसँग सहकार्य र समन्वयलाई जोड दिईदै संयुक्त अनुगमन प्रणाली तयार गरि प्रभावकारी रुपमा परिचालन गराउने ।

११ स्थानीय निकायहरुको आन्तरिक श्रोत बृद्धिको लागि साधनश्रोतहरुको अध्ययन विश्लेषण गरी समसामयिक करका क्षेत्रहरुको पुनरावलोकन गर्दै लैजान आवश्यक कार्यक्रमहरु तर्जुम ागर्ने ।

१२ जिल्ला गरिवी अनुगमन तथा बिश्लेषण प्रणाली (DPMAS) कार्यान्वयन प्रभावकारी बनाउन सो अनुरुपका सूचना तथ्याङ्क व्यवस्थापनमा ध्यान दिने ।

१३ एकिकृत विकास अभियान संचालन कार्यविधि २०७० अनुसार पोखरीया र सिंहदेवी गाविसमा लागु भएको कार्यक्रमलाई नतिजामुलक बनाउन जिल्लास्थित सबै सरकारी तथा गैरसरकारी निकयाहरुबाट प्रभावकारी कार्यक्रमहरु संचालनको लागी विशेष प्राथमिकता दिने ।

१४ नागरिकहरुको प्रत्यक्ष सरोकार राख्ने व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा जस्ता विषयहरुको अभिलेख व्यवस्थापन दुरुस्त गर्न सबै गाविसहरुले व्यक्तिगत घटना दर्ता सफ्टवेयर संचालनमा प्राथमिकता दिने ।

१५ स्थानीय निकाय श्रोत परिचालन कार्यविधि २०६९ बमोजिम जिल्ला तथा गाविस तहमा रहेको सुपरिवेक्षण तथा अनुगमन समितिलाई क्रियाशिल बनाई प्रभावकारी अनुगमनको व्यवस्था मिलाउने ।

१६ गाविसहरुले वस्तीस्तरका योजना संकलनको लागि हरेक वडास्तरमा सर्वपक्षीय सबै सरोकारवालाहरु बिच छलफल गरी पुर्वाधार, सामाजिक, आर्थिक र वन वातावरण क्षेत्रका आवश्यकता वा मागहरु एकीकृत गरी गाउँ परिषद्बाट स्वीकृत गरी इलाकास्तरमा पेश गर्ने ।

१७ गैरसरकारी निकायहरुबाट संचालन हुने कार्यक्रमहरुको हकमा जिल्लाको गरिबी नक्शाकंनले निर्दिष्ट गरेका क्षेत्रहरु भन्दा बाहिर वा समन्वय नगरी कार्यक्रम संचालन गर्ने वा कार्यक्रम संचालन गरेर सहमति खोज्ने परिपाटीलाई पूर्णत निरुत्साहीत गरिनेछ ।

१८ गैरसरकारी निकायहरुको समेत वार्षिक कार्यक्रम तर्जुमा गर्दा इलाकास्तरीय सहभागितात्मक योजना तर्जुमा गोष्ठीबाट प्राप्त मागहरुलाई संवोधन गर्ने गरि हुनु पर्ने र आफ्नो कार्य क्षेत्रमा हुने इलाका गोष्ठीमा अनिवार्य सहभागीता गराउने ।

१९ स्थानीय निकायको पुँजिगत शिर्षकबाट उपभोग खर्च र कार्यालय सञ्चालन खर्चहरु अन्य प्रयोजनको लागी रकमान्तर गर्न वा धरौटी राख्न, कुनैपनि प्रकारका राजनैतिक दल तथा तिनका भातृ संघ संगठन, संस्था वा व्यक्ति आदिलाई कुनै पनि किसिमको आर्थिक सहयाता वा अनुदान प्रदान गर्न वा दामासाही हिसाबले बाँडफाँड गर्न, चन्दा पुरस्कार वा आर्थिक सहायता गर्न सकिने छैन ।

२० इलाकास्रीय योजना तर्जुमा गोष्ठीमा गाउ परिषद्बाट सिफारिस भई आएका योजनाहरुमा मात्र छलफल गरिनेछ । यसका लागी गाउँ परिषद्ले इलाकास्तरीय छलफलको सूचि तयार गरी अनिवार्य पठाउनु पर्नेछ ।

२१ पूर्वाधार र सामाजिक विकास क्षेत्रका कार्यक्रमहरुको बजेट सिलीङ्गबाट छनौट गरिने योजनाहरु गाविसगत रुपमा बाँडफाँड नगरी पूर्णत इलाकास्तरीय योजनाको रुपमा मात्र छनौट गर्नु पर्नेछ ।

### १.६ योजना प्राथमिकिकरणका आधारहरु

जिल्ला विकास समितिले योजना तर्जुमा गर्दा निम्नानुसारको प्राथमिकताका आधारहरु स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २०१ साथै जिल्लाको आवश्यकता अनुसार जिल्ला विकास समितिले वार्षिक योजना तर्जुमा गर्दा देहाय बमोजिमको आयोजनाहरुलाई प्राथमिकता दिनु पर्ने व्यवस्था भएको:

क) सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाइदा पुग्ने रोजगार प्रबर्द्धन हुने र आयमूलक कार्यक्रमहरु ।

ख) कृषि उत्पादन बृद्धि गर्न सघाउ पुग्ने कार्यक्रमहरु ।

ग) स्थानीय साधन, सिप र क्षमताको परिचालनबाट संचालन हुन सक्ने कार्यक्रमहरु ।

घ) वातावरण संरक्षणमा सघाउ पुर्‍याउने कार्यक्रमहरु ।

ङ) पिछडिएका तथा उत्पीडित जाती जनजाति एवं् महिला र बालबालिकाको लागि आयमूलक तथा सिपमूलक कार्यक्रमहरु